आज मिति २०७६/०५/१२ गते बिहिबारका दिन यस सत्यवती गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयका अध्यक्ष श्री पारिश्वर ढकालको अध्यक्षतामा कार्यपालिकाको बैठक बसी तपशील बमोजिमका प्रस्तावहरुमाथि छलफल गरी तपशील बमोजिमका निर्णय सर्वसम्मत पारित गरियो ।

**उपस्थिति:**

श्री पारिश्वर ढकाल – अध्यक्ष, सत्यवती गाउँपालिका

श्री सुवर्ण शाही शेरचन – उपाध्यक्ष, सत्यवती गाउँपालिका

श्री भिमलाल पाण्डे – वडाध्यक्ष, वडा नं १

श्री दधिराम कुँवर क्षेत्री – वडाध्यक्ष, वडा नं २

श्री रुक बहादुर राना मगर – वडाध्यक्ष, वडा नं ३

श्री दान बहादुर राना – वडाध्यक्ष, वडा नं ४

श्री ओम प्रकाश भण्डारी – वडाध्यक्ष, वडा नं ५

श्री विष्णु प्रसाद भण्डारी – वडाध्यक्ष, वडा नं ६ ________

श्री लोक बहादुर बुढाथोकी – वडाध्यक्ष, वडा नं ७

श्री सन्त बहादुर थापा – वडाध्यक्ष, वडा नं ८ ________

श्री तेज कुमारी थापा – कार्यपालिका सदस्य ________

श्री नरमाया राना मगर – कार्यपालिका सदस्य ________

श्री मिना परियार – कार्यपालिका सदस्य ________

श्री मनमाया थापा – कार्यपालिका सदस्य

श्री होम बहादुर भुजेल – कार्यपालिका सदस्य

श्री हरि प्रसाद वि.क. – कार्यपालिका सदस्य ________

श्री यादव भण्डारी – सदस्य सचिव (प्रमुख प्रशासकीय अधिकृत)

हिमलाल जो., गोपाल जो

**बैठक संख्या:०५/०७६-७७** **मिति: २०७६/०५/१२**

**प्रस्तावहरु:**

प्रस्ताव नं.१: जवाफ पेश गर्ने सम्बन्धमा।

प्रस्ताव नं.२: शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन, कार्यविधि, २०७६ सम्बन्धमा।

प्रस्ताव नं.३: पुनर्वास कार्यक्रमको लागि सिफारीस गरी पठाउने सम्बन्धमा।

**निर्णयहरु:**

**निर्णय नं.१:** प्रस्ताव नं.१ माथि छलफल गर्दा भिम बहादुर सुनार निवेदक र सत्यवती गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, जोहाङ्ग, खैरेनी, गुल्मी समेत विपक्ष भएको संबत् २०७५ सालको मु.नं.०७५-WO-०१९० उत्प्रेषण परमादेश मुद्दामा उच्च अदालत तुलसीपुर बुटवल इजलासबाट जारी भएको म्याद मिति २०७६/०५/०१ बुझेकोमा उक्त म्यादमा बाटोको म्याद बाहेक १५ दिनभित्र लिखित जवाफ पेश गर्नु भनी लेखी आएकोमा सो उपर छलफल गर्दा गाउँ कार्यपालिकाको कार्यालय र अध्यक्षको कुनै तवरले सङ्लग्नता नरहेको व्यहोरा सम्मानित अदालतलाई जानकारी गराउने साथै मुद्दामा विपक्षी गाउँ कार्यपालिकाको कार्यालय, अध्यक्ष श्री पारिश्वर ढकाल, गाउँपालिकाको न्यायिक समिति, उपाध्यक्ष सुवर्ण शेरचन शाही, वडा नं.३ का वडाध्यक्ष रुकबहादुर राना, वडा नं.३ का वडा सचिव श्री ओमबहादुर खाम्चाको तर्फबाट लिखित जवाफ पेश गर्ने प्रयोजनका लागि अधिवक्ता तथा कानून मस्यौदा जिल्ला समन्वयकर्ता श्री नेत्रलाल पाण्डेलाई वारेश तोकी पठाउने निर्णय गरियो।

**निर्णय नं.२:** प्रस्ताव नं.२ माथि छलफल गर्दा सत्यवती गाउँपालिकाका विद्यालयहरुले व्यहोर्नु परेको आर्थिक भारलाई न्यून गर्न एवम् शैक्षिक गुणस्तर उकास्नका लागि सत्यवती गाउँपालिकाको शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन कार्यविधि, २०७६ उपर दफावार छलफल गरी पारित गरियो। साथै कार्यविधि अनुसारको सूचना तुरुन्त प्रकाशित गर्ने निर्णय गरियो। साथै उक्त कार्यविधि अनुसार तपशीलबमोजिम दरबन्दी मिलान गर्ने निर्णय गरियो।

**तपशील**

| **दरबन्दी मिलानका क्रममा दरबन्दी कट्टा हुने र दरबन्दी थप हुने विद्यालयको विवरण** | | | | |
|---|---|---|---|---|
| **क्र. सं.** | **दरबन्दी कट्टा हुने विद्यालय** | **कट्टी संख्या** | **दरबन्दी थप हुने विद्यालय** | **थप संख्या** |
| १ | कोल्डाँडा आ.वि, सत्यवती -१ | १ | राम मा.वि, सत्यवती -१ | १ |
| २ | रामबारी आ.वि, सत्यवती -१ | १ | लक्ष्मीपुर मा.वि, सत्यवती -२ | १ |
| ३ | मचाकोट आ.वि, सत्यवती -१ | १ | भानु आ.वि, सत्यवती -३ | २ |
| ४ | द्वागा आ.वि, सत्यवती -१ | १ | साजपुर आ.वि, सत्यवती -३ | २ |

| | | | | |
|---|---|---|---|---|
| ५ | धुसेनी आ.वि, सत्यवती -२ | १ | नवदुर्गा आ.वि, सत्यवती -४ | १ |
| ६ | विष्णुमति आ.वि, सत्यवती -५ | १ | ज्ञानोदय आ.वि, सत्यवती -६, रितौंदी | १ |
| ७ | ग्रामविकास आ.वि, सत्यवती -५ | १ | जुनिया मा.वि, सत्यवती -७ | १ |
| ८ | कालिका आ.वि, सत्यवती -५ | १ | जनसहयोग मावि, सत्यवती -८ | १ |
| ९ | ज्ञानोदय आ.वि, सत्यवती -६, चेघा | १ | | |
| १० | जनज्योति आ.वि, सत्यवती -८ | १ | | |

**निर्णय नं.३**: प्रस्ताव नं.३ माथि छलफल गर्दा सत्यवती गाउँपालिकाको वडा नं.१, २, ३, ४ र ५ मा मानवीय, भौतिक र पर्यावरणीय क्षति पुर्याउने गरी मिति २०७६/०४/०७ गते गएको पहिरोको कारणले गर्दा सत्यवती गाउँपालिकाको वडा नं. २, ३ र ४ का सयौँ परिवार विस्थापित भएको अवस्था र वडा नं. १ र ५ का विभिन्न स्थानमा यसभन्दा अगाडि नै पहिरो गई बस्तीहरु उच्च जोखिममा परेकोतर्फ छलफल हुँदा यी सबै प्राकृतिक विपत्ती जानुमा वि.सं.२०७२ साल वैशाख १२ गते गएको भुकम्प र त्यसपछिका पराकम्प नै प्रमुख कारक हुन् निर्कर्षमा एकमत भई राष्ट्रिय पुनर्निर्माण प्राधिकरणबाट तपशील बमोजिमका क्षेत्रमा पुनर्वास कार्यक्रम सञ्चालन गर्नका लागि अनुरोध गर्ने निर्णय गर्दै आजको बैठक यहीँ समापन गरियो।

**<u>तपशील</u>:**

| क्र.सं. | जोखिम बस्तीको नाम | ठेगाना | घर संख्या | कैफियत |
|---|---|---|---|---|
| १. | खराल डाँडा, मोले, तोस, रुद्रवेणी, कोल्डाँडा | सत्यवती- १ | ३४ | |
| २. | झार्लेतुङ्ग, थुम्का, खास्टुङ्ग | सत्यवती- २ | १६ | |
| ३. | सिङ्दी, पल्लोखोला, कुरह, कुटडाँडा, दाङसिङ्गा | सत्यवती- ३ | ३०७ | २०७६/०४/०७ गतेको पहिरोले बढी क्षति भएको ठाउँहरु |
| ४. | भीरकुना, काफलडाँडा, जोगिडाँडा, पल्लिटोल, बिरौंदी, ठूलाघर टोल, पालेका वन | सत्यवती- ४ | ६५ | |
| ५. | तालपाटा, उपल्लो कुमाल डाँडा, गराविर्मी | सत्यवती- ५ | २९ | |
| ६. | सालघारी टोल, ठाँटी, भालुमार टोल | सत्यवती- ७ | ५ | |